का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ कात्तिक २०८०,
आइतबार
5 November 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २७६ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



जाजरकोटमा भूकम्पका बेला घरले पुरिएका व्यक्तिको उद्धार गर्दै सशस्त्र प्रहरी बल। तस्बिर : एपीएफ

चाडपर्वलाई पारिवारिक भेटघाटको
अवसरका रुपमा प्रयोग गरौं ।
हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।।

चाडपर्वमा अनावश्यक खर्च नगरौं ।
मद्यपान र जुवातासजस्ता
विकृतिको अन्त्य गरौं ।।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मध्यरातमा भूकम्प : ठूलो मानवीय क्षति

> दिउँसोको समय हुन्थ्यो भने अधिकांश मानिस कामका लागि घर बाहिर हुने थिए । करिब मध्यरातमा भूकम्प जाँदा सुतिरहेका मानिसहरु घर भत्किएर च्यापिएर मृत्युको मुखमा पुगेको मान्न सकिन्छ ।
>
> **नमराज भट्टराई**
> **डीएसपी, रुकुम पश्चिम**

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १८ कात्तिक ।

बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीका अनुसार आइतबार राती ६.४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट र रुकुम पश्चिमका नागरिकहरु मस्त निद्रामा थिए। बेलुकीको खाना खाएर सुतेका नागरिकहरुको पहिलो निद्रा भूकम्पले डिस्टर्ब मात्रै गरेन कैयौंको ज्यान लियो, सयौं घाइते छन्। गृह मन्त्रालयको शनिबार रातीसम्मको विवरण अनुसार जाजरकोट भूकम्पमा परी मृत्यु हुनेको संख्या १५७ छ, ४०० बढी घाइते छन्। जाजरकोटमा मात्रै एक सय बीको मृत्यु भएको छ भने रुकुम पश्चिममा ५० जना बढीको मृत्यु भएको छ।

सामान्य घाइतेहरुको स्थानीय तथा जिल्ला अस्पतालमा भइरहेको छ भने गम्भीर घाइतेहरुलाई हवाई उद्धार गरी काठमाडौं, सुर्खेत र नेपालगञ्जमा उपचार गरिएको छ। काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा ७ जनाको उपचार भइरहेको छ।

जाजरकोटको बारेकोट गाउँपालिका-१ केन्द्रबिन्दु भएर शुक्रबार राति ११:४७ मा गएको ६.४ रेक्टर स्केलको भूकम्पका कारण कति घर क्षति भयो भन्ने विषयमा सरकारको आधिकारिक सूचना दिएको छैन। पशुचौपायको क्षेतिको पनि विवरण आएको छैन। अन्दाजी दुई हजार पाँच सय घरमा क्षति पुगेको भन्ने प्रारम्भिक सूचना आएको भए पनि त्यसको यकिन हुन बाँकी छ।

'दुई हजार पाँच सय घरमा क्षति पुगेको भन्ने प्रारम्भिक सूचना आएको छ, रुकुम पश्चिम जिल्ला प्रहरी प्रमुख डिएसपी नमराज भट्टराइले भने। विपतको समयमा प्रहरी चौकीहरूमा दुई जना मात्रै प्रहरी राखेर तीन सय बढी प्रहरी परिचालन गरिएको जानकारी छ। त्यसमध्ये आठबिसकोटको क्षेत्रमा एक सय ५० र सानीभेरी गाउँपालिकामा ७५ जना प्रहरी खटाएर उद्धारको काम गरिएको डिएसपी भट्टराईले बताए।

मध्यराति आएको भूकम्पका कारण मानवीय क्षति बढी भएको जानकारहरू बताउँछन्। 'दिउँसोको समय हुन्थ्यो भने अधिकांश मानिस कामका लागि घर बाहिर हुने थिए, 'डिएसपी भट्टराईले भने, ' करिब मध्यरातमा भूकम्प जाँदा सुतिरहेका मानिसहरु घर भत्किएर च्यापिएर मृत्युको मुखमा पुगेको मान्न सकिन्छ।'


जाजरकोटमा भूकम्पबाट भत्किएका घर। तस्बिर : रासस


भूकम्पबाट घर भत्किएपछि बारीमा बसेका पीडित। तस्बिर : रासस

## फेरि त्रास, बारीमा बास



> मानिसहरू बारीका पाटामा र रूखका फेदमा आश्रय लिएर बसेका छन् । लत्ताकपडा नहुँदा आगो बालेर तापेर बस्नुको विकल्प छैन । बालबालिका, वृद्धवृद्धा र नवजात शिशुहरू अझ प्रभावित छन् ।
>
> **वीरबहादुर गिरी**
> **अध्यक्ष, बारेकोट गाउँपालिका**

सुरक्षाकर्मी, स्थानीय जनप्रतिनिधि र सरोकारवालाहरुका अनुसार उद्धारको कार्य करिब करिब सकिएको छ। अब खाद्यान्न र बासको चिन्ता छ। फेरि परकम्प आउन सक्ने त्रास त छँदैछ।

चिसो मौसमको समयमा समेत स्थानीयवासी बारीका पाटामा सुतेका छन्।

जाजरकोटको भेरी नगरपालिका-३, थाप्लेका सर्वसाधारण भूकम्पको त्रासले सडकमै सुतेका छन्। कतिपय सडकमा सुतेका छन्।

बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीका अनुसार ८० प्रतिशत घरहरू पुननिर्माण गर्नुपर्ने अवस्थामा रहेका छन्। अन्य घरहरू पनि उच्च जोखिममा रहेका छन्। शुक्रबार मध्यरातिको भूकम्पले तर्सिएका स्थानीय अहिले घरको वरिपरि समेत जान डराएका छन्। उनी भन्छन्, 'मानिसहरू बारीका पाटामा र रूखका फेदमा आश्रय लिएर बसेका छन्।'

चिसो बढेका कारण भूकम्प प्रभावितहरूको व्यवस्थापनमा कठिनाइ भइरहेको उनले बताए। अध्यक्ष गिरीले भूकम्प प्रभावितका लागि तत्काल ३ हजार त्रिपाल र कम्बल तत्काल आवश्यक रहेको बताए।

ओड्ने र लत्ताकपडाको अभाव हुँदा प्रभावितहरू दाउरा बालेर आगो तापेर बस्नुको विकल्प नरहेको उनले बताए। भूकम्प प्रभावितहरूमा बालबालिका, वृद्धवृद्धा र नवजात शिशुहरू पनि छन्।

उनीहरूको स्वास्थ्य र सुरक्षाका लागि गाउँपालिका र सम्बन्धित वडाका वडाध्यक्ष, स्थानीय जनप्रतिनिधि र युवा स्वयंसेवक खटिएको उनले बताए। प्रभावितहरूले खानपिनका लागि केहीले आफैंले र केही स्थानीय सरकारले व्यवस्था गरेको छ।

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा श्रमिकलाई राम्रो आवास नदिने रोजगारदाताहरुलाई सजाय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ कात्तिक

मलेसियामा लगभग आधा रोजगारदाता श्रमिकको आवाससम्बन्धी न्यूनतम मानकहरू पालना गर्न असफल भएको भन्दै दण्डित भएका छन्। मलेसियाको श्रम विभागले यस वर्ष अर्थात सन् २०२३ को १० महिनामा मात्रै आवासको न्यूनतम मापदण्ड पूरा नगर्ने रोजगारदातालाई २.७१ मिलियन मलेसियन रिंगेट जरिवाना गरेको बताएको छ।



मलेसियामा आप्रवासी कामदारका लागि आवास र सुविधा (संशोधन) ऐन २०१९ अनुसार तय गरिएका मापदण्ड रोजगारदाताले पालना गर्नुपर्ने व्यवस्था छ। मलेसियाको श्रम विभागका उपमहानिर्देशक असरी अब्द वहाबले रोजगारदाताविरूद्व २ सय ८४ उजुरी परेको भन्दै रोजगारदाताले आफ्ना श्रमिकको स्वास्थ्य, सरसफाइ र आवासको सुरक्षाको ख्याल गर्न नसकेको गुनासो व्यापकरुपमा रहेको बताए।

श्रम विभागले कामदारको ओछ्यान, गद्दा, शौचालयजस्ता समस्या होस्टलहरूमा पाइएको समेत बताएको छ। मलेसियाले मापदण्ड पालन नगर्ने रोजगारदातालाई अधिकतम ५० रिंगेटसम्म >>> पृष्ठ २ मा

### इजरायलमा मारिएका थप एक विद्यार्थीको शव नेपाल आइपुग्यो

काठमाडौं/रासस- दक्षिणी इजरायलमा हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० जना नेपाली विद्यार्थीमध्ये थप एक जना नेपाली विद्यार्थीको शव शनिबार नेपाल आइपुगेको छ। फ्लाइ दुबईको विमानमार्फत शनिबार दिउँसो २ बजे सल्यान सारदा-३ का प्रवेश भण्डारीको शव नेपाल आइपुगेको परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरणले जानकारी दिए। दक्षिणी इजरायलमा >>> पृष्ठ २ मा

# कोशी सरकारबाट बाहिरियो एमाले

एमालेका सांसदले सरकारलाई दिएको समर्थन फिर्ता लिए मुख्यमन्त्री कार्कीले फेरि विश्वासको मत परीक्षण गर्नुपर्ने हुन्छ । उनलाई समर्थन गर्ने सत्तारुढ गठबन्धनमा ४७ जना सांसद छन् । जुन ठिक्क बहुमत हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
कर्णाली, १८ कात्तिक ।

नेकपा एमाले कोशी प्रदेश सरकारबाट बाहिरिएको छ। शनिबार एमालेले प्रदेश सरकारमा सहभागि मन्त्रीलाई फिर्ता बोलाउँदै सरकारबाट बाहिरिएको हो।

एमालेबाट मन्त्री बनेका रामबहादुर राना मगरले पदबाट राजीनामा दिए। उनले शनिबार बिहान मुख्यमन्त्री केदार कार्कीलाई राजीनामा बुझाएका हुन्।

मुख्यमन्त्रीले सहमतिअनुसार कदम नचालेको भन्दै सरकार छाडेको मन्त्री रानाको भनाइ छ। मुख्यमन्त्री कार्कीले शुक्रबार मात्रै माओवादी केन्द्रका गणेश उप्रेती र एकीकृत समाजवादीका कमलप्रसाद जगेबुलाई मन्त्री नियुक्त गरेका थिए। त्यसप्रति एमालेले असहमति जनाएको थियो।

कार्कीले शुक्रबार सहमति बेगर माओवादी र एकीकृत समाजवादीलाई सरकारमा सहभागि गराएलगत्तै एमालेका नेताहरुले सरकारबाट बाहिरिने प्रतिक्रिया दिएका थिए।

कार्की एमालेका ३९ सांसदको समर्थनमा कांग्रेसबाट विद्रोह गरेर मुख्यमन्त्री बनेका थिए। संविधानको धारा १६८ को उपधारा (५) बमोजिम मुख्यमन्त्री बनेका कार्कीले प्रदेशसभाबाट विश्वासको मत लिइसकेका छन्।

नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले सरकारबाट बाहिरिएपछि अब प्रतिपक्षमा बस्ने बताए। सरकारलाई दिएको समर्थनका बारेमा पछि निर्णय गर्ने उनले बताए।

उनी भन्छन्, 'अब प्रतिपक्षमा बस्छौं। समयक्रमले सरकारका गतिविधिले, काम कारवाहीले सरकारलाई दिएको समर्थनको विषय निर्धारण हुन्छ।' शनिबार एमालेका नेताहरूले समर्थन फिर्ता लिए के हुन्छ भन्ने विषयमा छलफल गरेका थिए। तत्काल केही जटिलता भएका कारण फिर्ता लिने विषयमा कानुनी परामर्श गर्ने सहमति भएको छ।

एमाले प्रमुख सचेतक >>> पृष्ठ २ मा

# भूकम्प प्रभावितको राहत र उपचारलाई प्रभावकारी तुल्याउने सरकारको प्रतिबद्धता

**काठमाडौं/मस**-सरकारले भूकम्प प्रभावितलाई तत्काल उद्धार, उपचार, राहत र पुनःस्थापनालाई प्रभावकारी तुल्याउने प्रतिबद्धता व्यक्त गरेको छ।

सरकारका प्रवक्ता रेखा शर्माले शनिबार एक विज्ञप्ति जारी गरी उद्धार, उपचार, राहतका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नै प्रभावितस्थल पुगेर पहलकदमी लिइसकेको बताइन्।

उद्धार, उपचार, राहत र पुनःस्थापनाका सन्दर्भमा सूचना तथा सञ्चारको क्षेत्रबाट कुनै पनि कमी आउन नदिने सञ्चार तथा सूचना प्रविधिमन्त्री शर्माले प्रतिबद्धता व्यक्त गरिन्। संकटको बेलामा आमसञ्चारका माध्यम तथा सामाजिक सञ्जालबाट सत्य तथ्य सूचना प्रवाह गर्नु सबैको दायित्व रहने स्मरण गराउँदै उनले जोखिम मोलेर प्रभावितस्थलबाट रिपोर्टिङ गरिरहेका सम्पूर्ण सञ्चारकर्मीप्रति धन्यवादसहित आभार व्यक्त गरिन्।

जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रविन्दु भएर शुक्रबार राति गएको भूकम्पबाट भएको ठूलो जनधनको क्षतिले मर्माहत बनाएको विज्ञप्तिमा उल्लेख छ। मन्त्री शर्माले दुःखद् घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदना प्रकट गरेकी छन्।



साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिन्। भूकम्पका कारण केही सञ्चारमाध्यममा समेत क्षति पुग्न गएकामा मन्त्री शर्माले दुःख व्यक्त गरिन्।

मन्त्रालयले दुःखको यो अवस्थामा मन्त्रालयअन्तर्गतका निकायबाट नियमित र सहुलियतरूपमा सेवा प्रवाह गर्न, सही र सत्यतथ्य सूचना प्रवाह गर्न तथा उद्धार, उपचार र राहत कार्यमा समेत सहयोग गर्न आग्रह गरेको छ। यस्तै निजी क्षेत्रका सेवा प्रदायकलाई पनि सामाजिक उत्तरदायित्व वहन गदै आफ्नो क्षेत्रबाट आवश्यक सहयोगका लागि अपिल गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकसँग छलफल गरी भूकम्पका कारण दूरसञ्चार सेवामा परेको असरको समीक्षा गर्दै हाल सो क्षेत्रमा सेवा अवरुद्ध नभएको र उप्रान्त आउनसक्ने पराकम्पनबाट सुरक्षित गरी सेवा प्रदायकलाई तयारी अवस्थामा रहन निर्देशन दिइसकेको मन्त्री शर्माले जानकारी दिइन्।

त्यसैगरी आकस्मिक टेलिकम्युनिकेसन क्लष्टर (इटिसी) लाई सक्रिय बनाई भूकम्प प्रभावित क्षेत्रको दूरसञ्चार सेवाको अवस्था र सेवाप्रवाहलाई थप सहज बनाउने विषयमा मन्त्रालयमा छलफल गरी आवश्यक निर्णय गरिएको छ। प्रभावित क्षेत्रमा रहेका पीडित, उद्धारकर्मी र आम नागरिकलाई सहज सेवा प्रवाहमा सहयोग पुर्याउने उद्देश्यले मन्त्रालयको आग्रहमा सरकारी स्वामित्वको नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले पाँच दिनसम्म टेलिफोन, म्यासेज र डाटा निःशुल्क गर्ने तथा निजी क्षेत्रको सेवा प्रदायक एनसेलले राहत कोषमा रु ५० लाख सहयोग र रु.४० लाखसम्मको कल र डाटा निःशुल्क गर्ने निर्णय गरेकामा धन्यवाद दिइएको छ।

# उद्धार र निःशुल्क उपचार गर्न मानव अधिकार आयोगको अपिल

**काठमाडौं/मस**-राष्ट्रिय मानव अधिकार आयोगले जाजरकोट भूकम्पमा परी घाइते भएकाको उद्धार, निःशुल्क तथा प्रभावकारी उपचार गर्न सबै पक्षलाई अपिल गरेको छ।




आयोगले भूकम्प प्रभावितलाई राहत एवं खोजीमा जुट्न सरकार, राजनीतिक दलगायत सम्बद्ध सबै पक्षलाई अपिल गरेको हो।

आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'भूकम्पमा परी घाइते भएकाको उद्धार, निःशुल्क तथा प्रभावकारी उपचार गर्न, राहत एवं खोजीमा जुध्न आयोग नेपाल सरकार, राजनीतिक दलगायत सम्बद्ध सबै पक्षलाई आयोग आग्रह गर्दछ।'

आयोगले शुक्रबाररातिको भूकम्पका कारण जाजरकोट र रुकुमपश्चिम जिल्लामा भएको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गरेको छ।

साथै, भूकम्पमा परी ज्यान गुमाएका व्यक्तिप्रति श्रद्धाञ्जली व्यक्त गर्दै आयोगले शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको छ भने घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। आयोगले भूकम्प प्रभावित जिल्लामा आयोगले अनुगमनसमेत शुरू गरिसकेको छ।

आयोगको कर्णाली प्रदेश कार्यालयको टोली भूकम्प प्रभावितको मानव अधिकार अवस्थाबारे अनुगमन गर्न शनिबार भूकम्प प्रभावितस्थलतर्फ प्रस्थान गरिसकेको छ। साथै आयोगले घटना सम्बन्धमा विभिन्न माध्यमबाट अनुगमन गरिरहेको जनाएको छ।

# कांग्रेसको तिहारअघिका पूर्वनिर्धारित कार्यक्रम स्थगित

**काठमाडौं/मस**-नेपाली कांग्रेसले जाजरकोट र रूकुमपश्चिमलगायत क्षेत्रमा शुक्रबारराति आएको भूकम्पका कारण पार्टीका सम्पूर्ण ध्यान भूकम्प प्रभावित क्षेत्रमा केन्द्रित गर्न आवश्यक रहेको भन्दै केन्द्र, प्रदेश हुँदै पालिकास्तरसम्म पूर्वनिर्धारित तिहारसम्मका सम्पूर्ण कार्यक्रम स्थगित गर्ने निर्णय गरेको छ।




कांग्रेसले शनिबार विज्ञप्तिमार्फत उक्त निर्णयलाई आ-आफ्नो तहमा कार्यान्वयन गर्नु/गराउनका लागि पार्टीका सबै तहमा निर्देशन गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। पार्टीको सार्वजनिक कार्यक्रम स्थगित गरिएको भए पनि महासमिति सदस्य चयन गर्ने आन्तरिक कार्यक्रम भने नरोकिने पार्टी कार्यालयले जनाएको छ।

भूकम्पका कारण ठूलो संख्यामा भएको मानवीय तथा भौतिक क्षति र सयौंको संख्यामा आमनागरिक घाइते भएको घटनाले सम्पूर्ण नेपालीलाई नै शोक विह्वल र स्तब्ध बनाएको छ। कांग्रेसले स्वदेश र विदेशमा रहेका सबैलाई तन, मन र धनका साथ खुला हृदयले मानवीय सेवाको अभियानमा जुट्न सबैमा अपिलसमेत गरिएको छ।

# भूकम्प प्रभावित क्षेत्रमा पशुपक्षीको उपचारका लागि विशेषज्ञ टोली

**काठमाडौं/मस**-संघीय कृषि तथा पशुपक्षी विकास मन्त्रालयले भूकम्पबाट प्रभावित क्षेत्रमा विशेषज्ञ टोली खटाएको छ।

भूकम्पबाट प्रभावित पशुपक्षीको उपचारका लागि मन्त्रालयले चार जना पशु चिकित्सकसहितको दुई टोली प्रभावित क्षेत्रमा पठाएको हो। मन्त्रालयका सचिव डा. रेवतीरवण पौडेलका अनुसार पशुपक्षी रोग अन्वेषण प्रयोगशाला सुर्खेतबाट डा.लक्ष्मीनारायण दासको नेतृत्वमा देवीराम कँडेल र डा राकेश प्रजापतिको नेतृत्वमा शम्सेर जिसीलाई भूकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिम पठाइएको छ।



उक्त टोली प्रभावित क्षेत्रका पशुपक्षीको उपचारमा खटिने छ। स्थानीय र प्रदेश सरकार मातहतका पशु स्वास्थ्यकर्मीको समेत परिचालन गरी पशुपक्षीको उपचारमा लाग्ने टोलीले जनाएको छ।

शुक्रबार राति आएको भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो जनधनको क्षति भएको छ। भूकम्पबाट पशुपक्षीसमेत प्रभावित भएकाले कृषि तथा पशुपक्षी विकासमन्त्री डा.बेदुराम भुसालले प्रभावित क्षेत्रमा विशेषज्ञ टोली पठाउन निर्देशन दिएका थिए।

## मलेसियामा...

जरिवाना गर्ने गरेको छ। मलेसियामा करिब ५ लाख नेपाली कामदार रहेका छन्।

सन् २०१९ को विश्व बैंकको प्रतिवेदनले त्यहाँ १२ लाखदेखि ३५ लाख आप्रवासी कामदार रहेको र त्यसमध्ये धेरै अवैधानिकरुपमा काम गरिरहेको सार्वजनिक गरेको थियो। त्यसयताका ४ वर्षमा लाखौं आप्रवासी कामदार मलेसिया पुगेका छन्। मलेसियाको अर्थतन्त्रमा आप्रवासी कामदारको निर्भरता र भूमिका महत्वपूर्ण रहेकोले उनीहरूलाई उपेक्षा गर्न नहुने अधिकारकर्मीहरूको दबाब छ।

केही दिनअघि मलेसियामा अधिकारकर्मी संस्थाहरूले आप्रवासी कामदारहरूलाई सेतो चामल र खाना पकाउने तेलजस्ता अतिआवश्यकीय दैनिक उपभोगका सामग्रीमा भेदभावपूर्ण व्यवहार भएको भन्दै स्थानीय नागरिकहरूलाई जस्तै सहुलियतपूर्ण मूल्यमा उपलब्ध गराउन माग गरेका थिए।

मानव अधिकारवादी संस्था नर्थ-साउथ इनिसिएटिभले भनेको थियो, 'मलेसिया आफ्नो आर्थिक विकासका लागि आप्रवासी कामदारमा धेरै निर्भर भएका कारण उनीहरूलाई दैनिक उपभोग्य सामग्रीमा स्थानीय सरह सहुलियत अर्थात सव्सीडी हुनुपर्छ।'

## इजरायलमा...

गत असोज २० गते अर्थात ७ अक्टोबरमा हमास समूहको आक्रमणमा परी १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो। हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० जना विद्यार्थीमध्ये अहिलेसम्म नौ जनाको शव नेपाल आइपुगेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

हालसम्म सल्यान सारदा-३ का प्रवेश भण्डारी, बझाङ जयपृथ्वी-६ का गणेशकुमार नेपाली, दार्चुला मालिकार्जन-४ का लोकेन्द्रसिंह धामी, दार्चुला लेकम-५ का दीपेशराज विष्ट, धनुषा सापही-६ का आनन्द शाह, कैलाली घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने, सुनसरी मधुवन-१ का राजेशकुमार स्वर्णकार, डोटी पचनाली-३ का राजन फुलारा, तथा कैलाली बौनियाँ-३ का आशीष चौधरीको शव नेपाल ल्याइएको परराष्ट्र मन्त्रालयले जनाएको छ। सुदूरपश्चिम विश्वविद्यालयको कृषि क्षेत्रको 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत उनीहरु इजरायल गएका थिए। सोही आक्रमणमा परी कञ्चनपुर भीमदत्त-३ का विपीन जोशी सम्पर्कविहीन छन्। केही समयअघि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहितको टोलीले इजरायलमा फसेका दुई सय ५४ विद्यार्थीलाई उद्धार गरी नेपाल ल्याएको थियो।

## कोशी...

रेवतीरमण भण्डारी सांसदले व्यक्तिगत रूपमा समर्थन गरेका कारण फिर्ता पनि सोही अनुसार हुने बताउँछन्। कानुनी जटिलता देखिएका कारण थप परामर्शपछि समर्थन गरिरहने कि नगर्ने भन्ने निष्कर्षमा पुग्ने उनले बताए।

९३ सदस्यीय प्रदेशसभामा उनले ८६ जनाको समर्थन पाएका थिए। एमालेका सांसदले सरकारलाई दिएको समर्थन फिर्ता लिए मुख्यमन्त्री कार्कीले फेरि विश्वासको मत परीक्षण गर्नुपर्ने हुन्छ। उनलाई समर्थन गर्ने सत्तारुढ गठबन्धनमा ४७ जना सांसद छन्। जुन ठिक्क बहुमत हो।

एमालेका सांसदले समर्थन फिर्ता लिए राप्रपालाई सहभागी गराउने मुख्यमन्त्री कार्की बताउँछन्। राप्रपा सरकारमा सहभागी भएको अवस्थामा उनको पक्षमा ५३ जना सांसद हुनेछन्। सरकारबाट बाहिरिएको एमालेले समर्थन फिर्ता नलिए विश्वाको मत लिन पर्दैन।

एमाले सरकारबाट बाहिरिएपछि कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेशमा सहमतीय सरकार निर्माणको बाटो सधैं खुल्ला हुने बताएका छन्।

KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: PROPAINTERS FOR PAINTS AND DECORATION MATERIALS COMPANY | शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०७/१८ | चलानी नं.: ६०२०९७९७ | LT. No.: 293393

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Painters | 7 | 0 | स. काममा दक्ष | 120 | ५१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २६ गते (12 November 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

**Lumbini Province Government**
**Ministry of Water Supply, Rural and Urban Development**
**Urban Development & Building Office**
**Nepalgunj, Banke**

**Invitation for Bids**

**IFB No.UDBO/BANKE/WORK/080-081**
**Date of publication: 2080/07/19**

1. Urban Development & Building Office, Banke invites electronic bids from Nepalese eligible bidders for the Construction of following work under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Brief description of the Works | T. Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/BANKE/NCB/WORK/ DHARAMSHALA.Blg/080-081/15 | Construction of Radha Krishna Temple (Dharamshal) Building at Nepalgunj-5, Banke | 4,999,920.00 | 3000 | 1,25,000 |
| 2. | UDBO/BANKE/NCB/WORK/ MOSQUE.Blg/080-081/16 | Construction of Aidari Misbahiya Gulsane Danish Mosque Building at Nepalgunj-6, Banke | 2,499,884.57 | 3000 | 63,000 |
| 3. | UDBO/BANKE/NCB/WORK/DRAIN. Npj-18/080-081/17 | Construction of R.C.C. Drain and Upgradation of Road at Nepalgunj-18, north of water park near water tank (Jaya Khatri house) Banke | 2,999,908.40 | 3000 | 75,000 |
| 4. | UDBO/BANKE/NCB/WORK/ FADERA.DRAIN/080-081/18 | Construction of RCC Drain and Upgradation of Road at Raptisonari-7 Farenda, Banke | 4,999,948.36 | 3000 | 1,25,000 |
| 5. | UDBO/BANKE/NCB/WORK/ DALAIPUR.ROAD/080-081/19 | Construction of Premix Road at Khajura-05 Dalaipur, Banke | 2,999,753.07 | 3000 | 75,000 |
| 6. | UDBO/BANKE/NCB/WORK/ RAJHENA.DRAIN/080-081/20 | Construction of Rcc Drain and Upgradation of Road at Khajura-5 Rajhena, Banke | 2,999,544.63 | 3000 | 75,000 |
| 7. | UDBO/BANKE/NCB/WORK/ UDHARAPUR.ROAD/080-081/21 | Construction of R.C.C. Drain and Premix Road at Khajura- 5 and 6 Udharapur, Banke | 9,998,924.93 | 3000 | 2,50,000 |
| 8. | UDBO/BANKE/NCB/ WORK/KALHANSANGAU. ROAD/080-081/22 | Construction of Rcc Drain and Pcc Road at Khajura-7 Kalhansan gau, Banke | 9,998,609.56 | 3000 | 2,50,000 |
| 9. | UDBO/BANKE/NCB/WORK/ BADHAIYA.ROAD/080-081/23 | Construction of R.C.C. Drain and Premix Road at Janaki-1 Badhaiya Gau, Banke | 9,998,792.45 | 3000 | 2,50,000 |
| 10 | UDBO/BANKE/NCB/WORK/ GURUWAGAU.ROAD/080-081/24 | Construction of R.C.C. Drain and Pcc Road at Janaki-5 Guruwa Gau, Banke | 9,998,710.89 | 3000 | 2,50,000 |
| 11 | UDBO/BANKE/NCB/WORK/ NAUBASTA.ROAD/080-081/25 | Construction of R.C.C. Drain and Premix of Road at Baijanath-3 Naubasta, Bnake | 9,998,868.26 | 3000 | 250000 |
| 12. | UDBO/BANKE/NCB/WORK/ BARDAHAWA.ROAD/080-081/26 | Construction of R.C.C. Drain and Upgradation of Road at Kohalpur-2 Bardahawa, Banke | 9,998,479.81 | 3000 | 250000 |
| 13. | UDBO/BANKE/NCB/WORK/ KOHALPUR-5.DRAIN/080-081/27 | Construction of R.C.C Drain from Siddhartha Ma.Vi. to Durga Temple, Kohalpur-5 Banke | 2,499,972.18 | 3000 | 63000 |
| 14. | UDBO/BANKE/NCB/WORK/DRAIN. CHATAR/080-081/28 | Construction of R.C.C. Drain and Upgradation of Road at Kohalpur-10 Chatar, Banke | 9,998,897.40 | 3000 | 250000 |
| 15. | UDBO/BANKE/SQ/WORK/ RAMNAGAR.ROAD/080-081/29 | Construction of R.C.C. Drain and Premix Road at Kohalpur-10 Ramnagar, Banke | 9,998,505.70 | 3000 | 250000 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/08/19. For more detail information download the Bidding Document.

**Acting Office chief**

# भूकम्प प्रभावितलाई आर्थिक सहयोग जुट्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ कात्तिक



सरकारले भूकम्पबाट बढी प्रभावित जाजरकोट र रुकुम पशिचम जिल्लालाई केन्द्रीय राहत व्यवस्थापन कोषबाट तत्काल पाँच-पाँच करोड रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ। उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा शनिबार बसेको सरोकारवालाको बैठकले राहत वितरणलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने निर्णय गरेको छ।

कम्बल, पाल, खाद्यान्न पठाउने काम भइसकेको र अपुग भएको अवस्थामा तुरुन्तै खबर गर्न प्रादेशिक सरकार र जिल्ला व्यवस्थापन समितिलाई निर्देशन दिइसकिएको बैठकपछि उपप्रधानमन्त्री श्रेष्ठले जानकारी दिए।

'जिल्ला विपद् व्यवस्थापनका सम्पूर्ण संयन्त्रबाट आवश्यक सम्पूर्ण जनशक्ति खटिइएका छन्। संघीय, प्रदेश र स्थानीय सरकारसँग समन्वय गरेर पीडितको खोजी, उद्धार र राहतका काम अगाडि बढाइरहेका छौँ', उनले भने। भूकम्पका कारण अवरुद्ध सडकलाई केही घन्टाभित्रै खुलाउने गरी सडक विभागलाई निर्देशन दिइएको उनले जानकारी दिए।

भूकम्पमा परी घाइते भएकाको स्वास्थ्य उपचारका निम्ति चिकित्सक प्रभावित क्षेत्रमा पुगिसेकेको, स्वास्थ्य सामग्रीका साथै औषधि प्रभावित क्षेत्रमा पुगिसकेको उनको भनाइ छ।

मृतकको शव व्यवस्थापनका लागि विशेष टोली खटिइएको जानकारी दिँदै उनले सो टोलीले मुचुल्कासहित आवश्यक सदगत्को व्यवस्था गर्ने बताए। उद्धारका लागि सबै सुरक्षा निकाय खटिइएको, थप सुरक्षा बल त्यसतर्फ पठाइने उनले जानकारी दिए। यसैबीच भूकम्पपीडितहरूका लागि चीन सरकारले १० करोड रुपैयाँ बराबरको राहत सामग्री पठाउने भएको छ। चीनले जाजरकोट र रुकुम पशिचमसहितका जिल्लाका भूकम्पपीडितलाई रातका लागि १० करोड नेपाली रुपैयाँ बराबरको सामग्री सहयोग गर्न लागेको चिनियाँ राजदूत छेन सङले बताएका छन्।

संयुक्त राज्य अमेरिकी दूतावास काठमाडौंले जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पमा परी ज्यान गुमाएकाहरूको खबरप्रति दुःख व्यक्त गरेको छ।

यस भूकम्पको क्षतिपछिको पुनर्लाभ हासिल गर्न नेपाललाई आवश्यक सहयोग गर्न अमेरिका तत्पर रहेको दूतावासले जनाएको छ।

यस्तै नेपाली कांग्रेसले भूकम्पपीडितको उद्धार, राहत र पुनर्स्थापनाका लागि पार्टीका तर्फबाट सरकारलाई रु ५० लाख उपलब्ध गराउने निर्णय गरेको छ।

यस्तै बागमती प्रदेश सरकारले जाजरकोटका भूकम्प पीडितहरुलाई राहत स्वरुप एक करोड ५० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ।

शुक्रबार राती कर्णाली प्रदेश अन्तर्गत जाजरकोट र रुकुम पशिचममा गएको भूकम्पबाट पीडितहरु लागि राहात, उद्धार, र पुनर्निर्माणको लागि बागमती प्रदेश सरकारले उक्त रकम सहयोग गर्ने निर्णय गरेको भौतिक पूर्वाधार मन्त्री युवराज दुलालले बताए।

यस्तै लुम्बिनी प्रदेश सरकारले भूकम्प प्रभावित जाजरकोट र रुकुम पशिचमका लागि डेढ करोड रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ।

शनिबार तुलसीपुरमा बसेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले डेढ करोड सहयोग गर्ने निणर्य गरेको प्रदेश सरकारका अर्थमन्त्री धनबहादुर मास्कीले जानकारी दिए।

यस्तै सुदूरपश्चिम प्रदेश सरकारले जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पका पीडितलाई एक करोड रुपैयाँ राहत दिने निर्णय गरेको छ।

शनिबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले भूकम्प प्रभावितहरूको राहतका लागि एक करोड रूपैयाँ दिने निर्णय गरेको मुख्यमन्त्री कमलबहादुर शाहले जानकारी दिए। यस्तै एनसेल आजियाटा लिमिटेडले भूकम्प पीडितको उद्धार, उपचार र राहतका लागि तत्काल ५० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ।

कम्पनीले शनिबार विज्ञप्ति जारी गर्दै भूकम्प पीडितको उद्धार, उपचार र राहतमा तत्काल सहयोग गर्न कर्णाली प्रदेश सरकारलाई उक्त रकम उपलब्ध गराउने घोषणा गरेको हो।

गैरआवासीय नेपाली संघले भूकम्पबाट प्रभावितलाई राहतका लागि तत्काल १० लाख रुपैयाँ दिने भएको छ। संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्मार्फत् यो रकम सरकारको राहत कोषमा उपलब्ध गराइने अध्यक्ष डा. बद्री केसी तथा महासचिव गौरीराज जोशीले विज्ञप्तिमार्फत् जानकारी दिएका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वअध्यक्ष शेष घले संस्थापक अध्यक्ष रहेको एमआईटी ग्रुप फाउन्डेसनले पनि भूकम्पपीडितलाई सघाउने भएको छ।

फाउन्डेसनका तर्फबाट अध्यक्ष घलेले एक विज्ञप्ति जारी गरी स्थानीय आवश्यकताका आधारमा सहयोग गर्ने घोषणा गरेका हुन्।

यसैबीच गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् जापानले भूकम्प पीडितको राहत र उद्वारका लागि करिब १४ लाख (१५ लाख येन) आर्थिक सहयोग गर्ने भएको छ। परिषद्ले 'भूकम्प पीडित राहत संकलन अभियान' पनि सञ्चालन गर्ने भएको छ।

भाटभटेनी सुपरमार्केटले भूकम्प पीडितका लागि १ करोड ११ लाख ११ हजार १११ रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। भाटभटेनी सुपरमार्केटका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङले विपदमा परेका नागरिकको उद्धारका लागि सो रकम सहयोगको घोषणा गरेका हुन्।

# प्रदेशको पञ्चवर्षीय योजनामा समावेश गर्न पर्यटन र कृषिमा मनाङवासीको जोड

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १८ कात्तिक



मनाङ पर्यटकीय सम्भावना भएको गन्तव्य मानिन्छ। अन्नपूर्ण चक्रीय पदमार्ग र नार्पाभूमिस्थित काङ्लापास, मनास्लु हिमालतर्फको लार्केपास पदमार्ग यहाँका चर्चित गन्तव्य हुन्। यीबाहेक यहाँको प्राकृतिक सुन्दरताले पनि पर्यटक मोहित पार्ने गरेका छन्।

आन्तरिक पर्यटनको बिस्तार भएसँगै यहाँ आउने पर्यटकको संख्या बढेको पाइन्छ। अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना इलाका कार्यालय (एक्याप) मनाङका अनुसार विगत छ महिनामा नौ हजार सात सय २८ जना विदेशी पर्यटकले मनाङ भ्रमण गरेका छन्। विदेशीबाहेक आन्तरिक पर्यटक पनि मनाङ उत्तिकै संख्यामा आउने गर्दछन्। तर, पूर्वाधार विकास नहुँदा यहाँ आउने पर्यटकले सास्ती भोग्नु परेको छ। यहाँ पर्यटन पूर्वाधार निर्माण र वैकल्पिक पदमार्ग बनाउन व्यवसायीले सरकारसँग माग गरिरहेका छन्। उनीहरुले सरकारी निकायका कोही मनाङ भ्रमणमा जाँदा यो समस्या सुनाइहाल्छन्।

शुक्रबार मनाङको सदरमुकाम चामे बजारमा गण्डकी प्रदेश नीति तथा योजना आयोगको टोली मनाङ पुग्दा मनाङवासीको यही गुनासो थियो।

गण्डकी प्रदेश सरकार दोस्रो पञ्चवर्षीय योजना निर्माणको काममा जुटेको छ। यसका लागि गण्डकी प्रदेशको नीति तथा योजना आयोगले मुस्ताङका सरोकारवालासँग छलफल गरिसकेको छ। सोही विषयमा छलफल गर्न आयोगको टोली मनाङ आएको हो।

अन्तरक्रियामा मनाङबाट प्रतिनिधिसभा सदस्य निर्वाचित टेकबहादुर गुरुङले मनाङको समृद्धि र विकासमा पर्यटन क्षेत्रको ठूलो भूमिका रहने बताए।

सांसद गुरुङले मनाङमा पर्यटनसँगै कृषि र जलविद्युत्मा पनि सम्भावना रहेको बताए।

नार्सों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले पनि पर्यटन नै जिल्लाको चिनारी रहेको बताए।

मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले पर्यटकको संख्या बढाउन आफ्नो पालिकाभित्र रहेको जिल्लाको एक मात्र हुम्दे विमानस्थल सञ्चालनका लागि प्रदेश सरकारले पहल गर्नुपर्नेमा जोड दिए। नार्पाभूमिका प्रमुख प्रशासकीय अधिकृत भीमकान्त भण्डारीले पञ्चवर्षीय योजनामा गाउँपालिकालाई सडक सञ्जालले जाड्ने अनि राष्ट्रिय प्रसारण लाइन विस्तार गर्ने योजना समेट्न आवश्यक रहेको बताए।

कार्यक्रममा नीति तथा योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटाले अन्तरक्रियापछि मनाङबाट प्रदेश समृद्धिका लागि धेरै राम्रा सुझाव आएकाले छलफलका विषय दोस्रो पञ्चवर्षीय योजनामा समेटेर अघि बढ्ने डा.देवकोटाले बताए।

# 'आर्थिक अनियमितता गरेको भन्दै लगाएको आरोप गलत'



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ कात्तिक

नेपाल स्वयं सेवक संघ मधेश प्रदेश फोकल पर्सन पूजा पाठक तिमिल्सिनाले मेचीमहाकाली बुहारी संयुक्त आवाज केन्द्रीय कार्यालय झापाले लगाएको आरोप गलत र निराधार भएको बताएकी छिन्।

मेचीमहाकाली बुहारी संयुक्त आवाज केन्द्रीय कार्यालयले संस्थाको विधान विपरीत कार्य गरेको भनि सूचना सार्वजनिक गरेपछि तत्कालीन मेची महाकाली बुहारी संयुक्त आवाजको मधेश प्रदेश अध्यक्ष रहेकी तिमल्सिनाले शनिबार गौरमा पत्रकार सम्मलेन गरी आफ्नो प्रतिक्रिया दिएकी हुन्।

सार्वजनिक गरिएको सूचना अनुसार आफुले कार्य नगरेको दावी गर्दै तिमल्सिनाले रौतहट जिल्लाको अध्यक्ष र कोषाध्यक्षले गरेको कार्यको आरोप सड्यन्त्र पूर्वक लगाइएको बताइन्। २०७७ सालदेखि संस्थाको हितमा काम गरेको र संस्थाले कार्यक्रम सञ्चालनको लागि एक रुपैयाँ समेत सहयोग नगरी अहिले आर्थिक अनियमिता गरेको भनि लगाएको आरोप गलत रहेको दावी गरिन्।

संस्थाको तत्कालीन अध्यक्ष अमेरिका रहँदै आएकी यमु शर्मा सुब्बाले भने अनुसारको कार्य गरेको, स्थानीय तहको स्वीकृतिमा चिसोमा गरिब, दलित विपन्न तथा अपांगहरुलाई न्यानो कपडा वितरण गरेकोमा वडा कार्यालयले रकम भुक्तानीको लागि नगरपालिकामा सिफारिस गरेपनि अहिलेसम्म कुनै पनि भुक्तानी नभएकोले आर्थिक अनियमितता कसरी गरेको भनि केन्द्रीय अध्यक्ष समक्ष प्रश्न गरिन्।

संस्थाको विधान अनुसार अध्यक्ष र कोषाध्यक्षको हस्ताक्षरमा खाता सञ्चालन भएकोमा खरिद गरिएको सामग्री वापत पसलवालालाई चेक दिइएकोमा मानसिक यातना दिने उदेश्यले केन्द्रीय अध्यक्ष चन्द्रकला काफ्लेले आफ्नो निजी चेक लिएको बताइन्।

समूहमा झापाबाट १० देखि १५ जनाको आएकी काफ्लेले घरबाट अपहरण शैलीमा आफूलाई नगरपालिकामा लगेर उपप्रमुखको रोहवारमा २३ लाख ५० हजार बराबरको निजी चेकमा कारकाप गरी हस्ताक्षर गराएको उनले बताइन्।

उनले भनिन्, 'मैले दर्ता गराएको विधुतीय कारोबार सम्बन्धी कसूर मुद्दामा पिडकसँग मिलेर मुद्दा प्रभावित बनाउने उदेश्य लिएर यस्तो कार्य गरेको हो।'

आफ्नो निजी स्रोतबाट मेची महाकाली बुहारी संयुक्त आवाजको नामबाट महिला सेफ हाउस सञ्चालन गरेको बताउँदै उनले आजीवन सदस्य बापत संकलन भएको ५० हजार रुपैयाँ घर भाडा वापत घरबेटीलाई भुक्तानी दिएको कुरा पूर्व केन्द्रीय अध्यक्ष तथा अहिलेको अध्यक्ष समेतलाई जानकारी रहेको बताइन्।

कार्तिक २२ गते जिल्ला अदालतमा साक्षी बकपत्र रहेकोमा अदालतमा हाजिर हुन नदिन विभिन्न किसिमको धकधम्की दिने गरेकोले आफू र आफ्नो घरपरिवारका व्यक्ति असुरक्षित अवस्थामा रहेकोले सुरक्षाको व्यवस्था मिलाइदिन स्थानीय प्रहरी प्रशासन समक्ष उनले आग्रह समेत गरेकी छन्।

## Jahada Rural Municipality
## Office of the Rural Municipal Executive
**Morang , Koshi Province, Nepal**

**Invitation For Electronic Bid**

**Date of Publication: 19th Kartik, 2080**

1. Jahada Rural Municipality, Office of the Municipal Executive, Morang has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Jahada Rural Municipality, Office of the Municipal Executive, Morang invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Security Amount (NRs.) | Last Date And Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (Without VAT & Contingencies) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ NCB/080/81-01 | Santhal Sangrahalaya Bhawan Nirman | 5000.00 | 6,30,000.00 | 2080-08-19 12:00 hour | 2080-08-19 14:00 hour | 2080-08-08 13:00 hour | ---------- |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Jahada Rural Municipality, Office of the Municipal Executive, Morang, Koshi Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the Machhapuchhre Bank Limited, Jahada Branch., Account No. - 0740069040900131.
5. Pre-bid meeting shall be held at Jahada Rural Municipality, Office of the Municipal Executive, Morang, Koshi Province, Nepal on above mentioned date and time.
6. Electronic bids must be submitted to the office Jahada Rural Municipality, Office of the Municipal Executive, Morang, Koshi Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Jahada Rural Municipality, Office of the Rural Municipal Executive, Morang, Koshi Province, Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in Jahada Rural Municipality, Deposit account Machhapuchhre Bank Limited, Jahada Branch., Account No. - 0740069040900031.
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



## सम्पादकीय

# जुटाउनुपर्ने मानवीय सहयोग

शुक्रबार मध्यरातमा जाजरकोटको रामीडाडाँ केन्द्र भएर गएको ६.४ म्याग्निच्यूडको भूकम्पले पश्चिम नेपालमा ठूलो मानवीय क्षति भएको छ । मध्यरात र परम्परागत शैलीका घर भएकाले मानवीय संकट बढी हुन पुग्यो । नेपाल प्रहरीले आइतबार राति अवेरसम्म दिएको जानकारी अनुसार, भूकम्पबाट १५७ जनाको मृत्यु र ३७५ जना घाइते भएका छन् । उद्धार कार्य चलिरहेकाले यो संख्या बढ्न सक्ने अनुमान गरिन्छ । स्थानीय प्रशासनका अनुसार, रूकुम पश्चिमको आठबिसकोट नगरपालिकामा सवैभन्दा धेरै मानवीय क्षति भयो । उक्त नगरपालिकामा ४२ जना र सानी भेरी गाउँपालिकामा १० जनाको भूकम्पबाट मृत्यु भयो । भूकम्पमा परेकाहरूमा स्थानीय सरकार र समुदाय रातभर परिचालित भएका थिए । शनिबार बिहानसम्म नजिक रहेका स्वास्थ्य संस्थाहरूमा धेरैजसो घाइते लगिएको थियो । बिहानै प्रधानमन्त्री भूकम्प प्रभावित क्षेत्र पुगेर सम्पूर्ण शक्ति परिचालित हुन निर्देशन दिए ।

भूकम्पमा परेकाहरूको उद्धारमा सुरक्षाकर्मी र स्थानीय समुदाय परिचालित भए । सरकारी अधिकारीहरूका अनुसार, भूकम्पमा परेकाहरूको उद्धार कार्य लगभग सकिएको छ । तर घाइतेहरूको उपचार र प्रभावितहरूलाई राहत तत्काल आवश्यक परेको छ । फेरि भूकम्प जाने त्रासदीले प्रभावित क्षेत्रलाई थप पीडा दिएको छ । हजारौंले घर गुमाएका कारण सडकमा रात बिताउनुपर्ने अवस्था आइलागेको छ । एकपटक भूकम्प गएपछि त्यसको पराकम्प केही समय आइरहने अनुभवले पनि उनीहरूलाई सुरक्षित स्थानमा लैजानु सरकारको दायित्व बनेको छ । तर त्यो दायित्व सरकार एक्लैले गर्न सक्ने अवस्था हुन्न । यस्तो बेला सबै क्षेत्रबाट सहयोगी हातहरू अगाडि बढ्न आवश्यक छ ।

राजनीतिक दलहरूले आफ्नो पार्टी पंक्तिलाई परिचालित हुन अपिल गरेका छन् । अरू सामाजिक संघसंस्थाले उद्धार, राहत र पुनर्स्थापनामा सहयोग गर्ने बचन दिइरहेका छन् । पक्कैपनि संकटका बेला आफ्नो सामर्थ्यले भ्याउने सहयोग गर्नु मानवीय दायित्व हो । अहिले जाजरकोट, पश्चिम रूकुम सहित प्रभावित जिल्लाहरूमा मानवीय सहयोग नै बढी आवश्यक छ । पुनर्स्थापनाबारे सरकारले आवश्यक निर्णय पक्कै लिनेछन् । तर उद्धार र राहतलाई नै तत्काल प्राथमिकतामा राख्नुपर्नेछ । वास्तविक सूचना सबैतिर पुऱ्याउनु र पीडितहरूलाई आवश्यक मद्दतमा जुट्न ढिलाइ गर्न हुन्न । विशेषगरी उपचारका निम्ति चिकित्सक, बस्नलाई अस्थायी सामग्री र खाने बन्दोबस्त तत्काल जुटाउन कार्यमा सम्पूर्ण पंक्ति एकाकार हुन जरूरी छ ।

# भारतीहरूको आँसु र लोकतन्त्र

*सर्वोच्च अदालत पनि दलको छायामा परेका भनाइहरू बाहिर नआएका होइनन्, तर अहिले भारतीको आँसु पुछ्दै जे निर्णय गर्ने साहस गरेको छ, त्यो उसको सराहनीय काम होला । तर हरेक मुद्दामा अदालतको ढोकाभित्र कसरी पस्न सकिन्छ र ? भारती पनि सास रोकेरै अनशन बसेरै न्याय पाएको अवस्था हो, सबैले यसो गर्न सम्भव हुन्न ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

महाभारतको प्रसङ्ग छ- यथा नियुक्तोस्मि तथा करोमि । यसको अर्थ हुन्छ जे काम गर्न नियुक्ति भएको हो त्यही काम गरेँ, दुर्योधनको भनाइ र सफाइ । हाम्रोमा जे कामका लागि बाजे आएका थिए, त्यही गरे । यस्तो काम गर्ने अरु पनि धेरै छन् । राष्ट्रपति संस्थाको बदनाम भनेको देशको बदनाम हो । कार्यकारी अधिकार नभएकाले प्रधानमन्त्रीले जे ल्याउँछन्, त्यही लालमोहर लगाइयो भन्ने हलुका जवाफ आएको थियो, रिगल प्रकरणमा । यसो हो भने संस्था किन राख्ने सालिक राख्दा के हुन्छ ? दर्जनौं सल्लाहकारहरु शीतल निवासमा किन राखियो । यहाँ भारती एक प्रतिनिधि पात्र मात्र हुन्, रुने धेरै छन् । निर्मला पन्तका बाबु-आमा मात्रै होइन तमाम नेपालीहरू या त खाडीमा रोएका छन् या यतै कतै कर तिर्न नसकेर रोएका छन् । हाम्रो लोकतन्त्र भारतीको मात्रै होइन आम नेपालीको आँसुमा पौडी खेल्दैछ । विदेशीहरूको आँगनमा फुलेको फूल भनौं उन्नत प्रजातन्त्र लोभीहरुको भीडमा यहाँ कसरी उन्नत हुन सक्छ ?

सत्ताको चरम दोहन र दुरुपयोग भएको छ यो देशमा, सुशासनको गुड्डी हाँकिएको छ, स्वदेशी त झुक्किएकै छन्, विदेशी पनि झुक्किएका छन् । विदेशी पाहुना बोलाएर देशलाई फूलबारी बनाउन लगाउनेले आफ्नो धोती फुस्केको पत्तो पाएका छैनन् । हरेक हप्ता ऋण आउँछ देशमा, यहाँका मान्छे विदेशमा भाँडा माझ्न जाने गरेका छन् । दुर्गा प्रसाइँ घाँडो भएको देशमा रविहरू मात्रै होइन हमाल, हर्क, बालेनहरू पनि घाँडो भएका छन् । जंगबहादुर राणाले कोतपर्व मच्चाएर लिएको सत्ताभन्दा अहिले १० वर्ष मान्छे काटेर बनेको सत्तामा के फरक छ ?

नेपाली कांग्रेस धराशायी भइसकेको छ, गठबन्धन र मिलिभगत गरेर केही सिट ल्याउँदैमा उसले आफ्नो प्रतिष्ठा जोगाएको भन्न मिल्दैन । पछिल्लो भुटानी नक्कली शरणार्थी प्रकरण, रेशम चौधरी प्रकरण, र अहिलेको रिगल प्रकरणले कंग्रेसको आफ्नो अनुहार स्पष्ट भइसकेको छ, यसअघि पनि धेरै भएका थिए । खुँडाले मान्छे मार्ने केसलाई सामान्य सम्झेर आफ्नो दलभक्ति गरेकै भरमा आममाफी दिन सिफारिस गर्नु लज्जाजनक विषय हो, खेदपूर्ण विषय हो । राष्ट्रपति पद पाउनैका लागि लोकतन्त्रका सबै पक्षहरूलाई दाउमा राख्न सक्ने नेपाली काङ्ग्रेसप्रति आम नेपालीको धारणा के रहन्छ ?

माओवादी त आफैं सशस्त्रबाटै आएको हो, उसले युद्ध छेडेको दिनलाई समेत राष्ट्रिय पर्व मनाउन सार्वजनिक बिदा दिने निर्णय गरेको छ, यसमा सहयात्री दल मूकदर्शक भएर हेरिरहेको छ । हत्या, हिँसा, जघन्य अपराधमा लागेकालाई, अदालतको तीन चरण पार गरेर दोषी ठहरिएकालाई लावालस्करसहित फूलमालाले स्वागत गर्दै जेलमुक्त गर्नु र जेलमुक्त भएको तीन हप्तामै अर्को नरसंहार गर्नुलाई दलहरूले कसरी ढाकछोप गरेका छन् भन्ने स्पष्ट हुन्छ ।

सर्वोच्च अदालत पनि दलको छाया परेका भनाइहरु बाहिर नआएका होइनन् तर, अहिले भारतीको आँसु पुछ्दै जे निर्णय गर्ने साहस गरेको छ, त्यो उसको सराहनीय काम होला । तर, हरेक केसमा अदालतको ढोकाभित्र कसरी पस्न सकिन्छ र भारती पनि सास रोकेरै अनशन बसेरै न्याय पाएको अवस्था हो, सबैले यसो गर्न सम्भव हुन्न । अर्को मुद्दा रेशम प्रकरण पनि छिटो निर्णय होला, आशा गरौं तर हाम्रो राजनीतिमा शक्ति पृथकीकरणको सिद्धान्त व्यवहारमा प्रयोग भएको छैन । मानव अधिकारकर्मीहरू नै थाकेका छन्, पटक-पटक ती पक्राउ परेका छन् ।



*गएको पाँच वर्षमा रिगलजस्ता जघन्य अपराधमा रहेका, अपराधमा संलग्न भएका छ हजार सात सय ४६ जना व्यक्तिहरूले माफी पाइसकेका छन् । गएको २०७९ मै सबैभन्दा बढीले माफी पाएको देखिन्छ । माफी पाएकाहरू तुरून्तै हत्यामा संलग्न छन् । आममाफीको व्यापक दुरूपयोग भएसँगै लोकतन्त्र, गणतन्त्र धरापमा छ, भन्दा अत्युक्ति नहोला ।*

संयुक्त राष्ट्र संघका महासचिवलगायत देशका ठूलाहरूलाई यहाँ घुमाइएको छ, संसदमा सम्बोधन पनि गर्न लगाइएको छ, तर हाम्रो संसदले सात महिनामा जम्मा एक थान कानुन बनाएको छ । संसद चलेका दिन तलब भत्ता बाहेक नै १० लाख बढी खर्च हुन्छ तर, गएको मंसिरमा भएको चुनावपछि बनेको संसदले के-कति काम गरेको छ, रास्वपाका रवि लामिछानेले फेहरिस्त बताइसकेका छन् । पछिल्लो अधिवेशनको छ महिनामा फुटकर खर्च नै छ करोड भएको छ । तर, संसद गालीगलौजमा प्रतिपक्षीको खोइरो खन्नेमा मात्र सिमित भएको छ । खाने पिउने कुरा आउँदा कोही प्रतिपक्षी पनि देखिएका छैनन् । संसदले दलको एजेण्डा लिएको होला तर, देशको एजेण्डा लिन सकेको छैन । देशको एजेण्डा लिनेहरूलाई थर्काइएको छ र लोकतन्त्रमाथि प्रहार भनिएको छ ।

यो मात्रै त्यस्तो देश बनेको छ, जसले सरकार आफैं चलाउने सडक आफैं तताउने भएको छ । श्री ३ का अर्का ओलीले पनि यसै भनेका थिए, जुन अहिले भनिँदैछ । आफूले गर्ने काममा अवरोध ल्याउने कोही भए, त्यसको प्रतिकार सडकबाटै गर्ने भनिँदैछ । सरकार सडक र संसद दुबैतिर आफ्नो बनाउन चाहन्छ ।

आज संसद नाम मात्रको भएको छ । संघीय निजामती सेवा विधेयक आएको छैन, शिक्षा विधेयक आएर फर्कियो, पेशाकर्मीहरू सबैजसो सडकमै छन् । बजार बिचौलियाको हातमा छ, युवा सबैजसो बेरोजगार छन्, विदेश भौंतारिएका छन्, गाउँमा जन्ती, मलामी छैनन्, सहरमा पानी छैन, मेलम्ची उठाउन कोही तयार छैनन्, सरकारी निर्णयहरु ठेक्का पट्टामा सञ्चालित छन्, चाडवाड आउँदा चिनी नपाउने, ग्याँसजस्तो अत्यावश्यक विषयमा भ्याट लगाइदिने, भान्छाका सबै सामानमा भ्याट लगाइदिने, उद्योग नगर्ने व्यापारबाटै भनौं भन्सार कर बढाएर राजस्व उठाउने, मानिस निर्यात गर्ने, सबै वस्तु आयात गर्ने हाम्रो लोकतन्त्र पूरै लोभतन्त्रमा फसेको छ । पुरानै शक्ति ठीक रहेछ भन्दै निर्मल निवासतिर भीड लाग्दा पनि सरकारको टाउको दुखेको छ, ३४ वर्षसम्म कुनै सकारात्मक लक्षण देखिएका छैनन्, भएका उद्योगधन्दा बन्द भएका छन्, रोजगारी केवल राजनीतिमा मात्रै छ । लोकतन्त्रको भद्दा मजाक भएको छ ।

आज दिन दहाडै हत्या, हिंसा भएको छ । राष्ट्रिय दिवस पारेर जनता छक्याएर पुरस्कार दिँदै हत्यारालाई संरक्षण दिने काम भएको छ । गणतन्त्र देशको अभिशाप भएको छ, लोकतन्त्र लोभतन्त्रमा परिणत भएको छ, संघीयता फाल्तु खर्च गराउने काममा संलग्न भएको छ, संविधानको गलत प्रयोग भएको छ । आममाफी दिन सिफारिस गर्ने दलहरू, जेलर, गृह सचिव, गृह मन्त्री, सम्पूर्ण क्याबिनेट र उपल्लो भनिएको संस्था राष्ट्रपति संस्थाले आफ्नो नैतिकताको पाटो पनि हेर्न नपर्ने, खुसीले जे पनि गर्न पाइने कस्तो सुशासन हाम्रो । कस्तो प्रशासन हाम्रो, प्रशासन यन्त्र खिया लागेको होइन र ? इमान्दारिता, निष्ठा, चरित्र नपाइए पनि देखाउने कानुन त पालन हुनु पर्थ्यो नि । निर्लज्ज खुसी हुने व्यक्ति र संस्था देखेर के भन्छन्, विदेशीहरू ?

टिकापुर घटना सबैका लागि ताजै छ, रेशमहरू रेशम फिरिरी हुने देश छ हाम्रो, इँटा भट्टामा जिउँदै जलाउनेहरू पनि हाम्रो देशमा रहेका छन् । गएको पाँच वर्षमा रिगलजस्ता जघन्य अपराधमा रहेका, अपराधमा संलग्न भएका छ हजार ७४६ जना व्यक्तिहरूले माफी पाइसकेका छन् । १३५ आममाफी भएको छ, साँढे छ हजार व्यक्तिहरूको कैद माफी मिनाहा भइसकेको देखिन्छ । गएको २०७९ मै सबैभन्दा बढी देखिन्छ । माफी पाएकाहरू तुरुन्तै हत्यामा संलग्न छन् । आममाफीको व्यापक दुरुपयोग भएसँगै लोकतन्त्र, गणतन्त्र धरापमा छ, भन्दा अत्युक्ति नहोला ।

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

भूकम्प प्रभावित क्षेत्रमा हेलिकप्टरबाट नेता, सांसद, मन्त्री झार्ने होइन, जतिसक्दो चाँडो स्वास्थ्यकर्मी, उद्धारकर्मी र राहत सामाग्री पठाउ । विपद्मा भिआइपी सेलिब्रेटीहरूले कतिसम्म हैरान पार्छन् भन्ने नमिठो अनुभव २०७२ को भूकम्प र बर्षेनी जसो गइरहने तराईको बाढी नै काफी छ ।



**- निलाम्बर आचार्य**

दुःखद विनास ! नेपालको पश्चिमी भूगोल जाजरकोट केन्द्रीत ठूलो भूकम्पबाट भएको क्षति न्यून गर्न उद्धार र राहत पर्याप्त पुगोस् । पीडितहरूमा सम्पूर्ण देशकै सहानुभूति र सहयोग छ भन्नेमा शंका गर्ने कुनै ठाउँ नरहोस् । अलिकति पनि ढिलासुस्ती थप अनिष्टकारी हुनेछ । सबैको ध्यान जाओस् ।



**- सेतेमान तामाङ**

नीतिले मनिसलाई अनुशासित बनाउछ तर, नियतले मानिसलाई आचरण हिन बनाउँछ । नीतिमा असहमति भए परिमार्जन गर्न सकिन्छ तर, नियत नै असहमति भए मूर्ख बाहेक केही बन्न सकिँदैन । नीतिमा मतभेद हुन्छ भने नियतमा मनभेद जोडिन्छ । विवेकमा बन्धक, गन्तव्यमा बिहिनता र भविष्यमा अन्धकार नै घर जलाएर खरानीको व्यापारतर्फ ।



**- विश्वरसिंह मेवाहाङ**

भूकम्प आउनुमा कसैको दोष हुन्न । यो भवितव्य हो । तर, भूकम्पपछिको उद्धार, राहत र पुनर्निर्माणमा कसैको दोष नहोस् । हेलिकप्टरमा दुई चार थान मन्त्रीको भ्रमण र अवलोकन मात्र नहोस् । जाजरकोटमा भएको विशाल मानवीय तथा भौतिक क्षतीप्रति सिंगो राज्यकै ध्यान र ज्ञान जाओस् ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | धेरै भरोसा गर्नु हुँदैन । अज्ञात भयले त्रास दिन सक्छ । |
| वृष : | बाहन चलाउँदा सावधानी राख्नुहोला । नाता गोतामा विवादको योग छ । |
| मिथुन : | मुकद्मा सम्बन्धी समस्याको योग छ । शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| कर्कट : | साथीभाइबीच सुमधुर सम्बन्ध रहनेछ । विदेश यात्राको योग छ । |
| सिंह : | सरकारी कार्यमा प्रगति हुनेछ । सामान चोरिने सम्भावना छ । |
| कन्या : | धन लेनदेनमा सावधानी राख्नुहोला । स्वास्थ्यमाथि ध्यान दिनुपर्छ । |
| तुला : | राजनैतिक सहयोग प्राप्त हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ । |
| वृश्चिक : | पारिवारिक खर्च धेरै हुनेछ । रुकावटपछि सफलता मिल्नेछ । |
| धनु : | भाग्य राम्रो रहनेछ । पारिवारिक जीवन सुखमय रहनेछ । |
| मकर : | अनावश्यक खर्च हुने योग छ । विवाद गर्नु हुँदैन । |
| कुम्भ : | महत्वपूर्ण भेटघाटको योग छ । खर्चमाथि नियन्त्रण राख्नु होला । |
| मीन : | जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । अनावश्यक खर्चको योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# राजनीतिको प्रभावमा न्याय

विचार



● नारायण गाउँले

*रिगल कुनै दलको भएकाले छुट्यो, दलकै भएकाले अन्य दलले चर्को आवाज उठाए र फेरि समातियो । तर उसँगै छुटेका दर्जनौं अन्य अभियुक्तहरूबाट पीडितको पक्षमा बोल्ने कोही नभएपछि तिनले आँसु पिएर बस्नुबाहेक अर्को के विकल्प छ र ! हाम्रोमा यस्तो चलिरहेको छ, चलिरहनेछ ।*

जेलभित्रै चितवनका शिव पौडेलको हत्या गरेको अभियोगमा जन्मकैद सुनाइएका एमाले कार्यकर्ता फडीन्द्र श्रेष्ठ, दिलबहादुर मोक्तान र सुनिल केसीलाई प्रजातन्त्र दिवसको दिन तत्कालिन केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्को सिफारिसमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले कैद माफी गरिदिइन् । चार सय बढी अन्य कैदीले समेत माफी पाए । हत्या गरिएका शिव पौडेल कांग्रेसका स्थानीय नेता थिए, त्यसैले कांग्रेसले 'कर्तव्य ज्यान मुद्दा'मा दोषीलाई माफी दिनु कानुनी राज्यको उपहास भएको विज्ञप्ति निकाल्यो । अन्य चार सय बढी थुनामुक्त कैदीका पीडितहरूको पार्टी नखुलेकाले हल्लाखल्ला भएन । प्रजातन्त्र या लोकतन्त्रलाई पनि असर परेन ।

ओखलढुङ्गाका उज्जन कुमार श्रेष्ठको हत्यामा अदालतले सर्वश्वसहित जन्मकैद सुनाइएका तत्कालीन माओवादी नेता बालकृष्ण ढुङ्गेल र पुष्कर गौतमलाई पनि राष्ट्रपति भण्डारीले आममाफी दिइन् । कांग्रेसका केही नेताले विरोध गरेको देखियो । हत्यारा ठहरिएका ढुङ्गेल त ओलीको चाहनामा एमालेको पोलिटब्यूरो सदस्य नै बनाइए । पार्टीका कुनै कार्यकर्ताले विरोध गरेको देखिएन । जबकी अदालतले दोषी ठहर गरेपछि पनि पक्राउ पर्न नदिई माओवादीले जोगाउँदा सबैभन्दा चर्को विरोध गर्ने ओली नै थिए ।

जघन्य हत्यामा दोषी साबित भएर जेलमा रहेका रिगलले कांग्रेसको सिफारिसमा माफी पाए । अरू बेला लोकतन्त्रको उपहास भएको देख्ने कांग्रेसले यसपाली केही देखेन । यसपाली सधैंजस्तो एक/दुई समाचारमा यो केस सीमित रहेन । जब सर्वत्र निन्दा भयो, कांग्रेसले माओवादी गृहमन्त्रीलाई देखाएर उल्टो आफ्नो हात नभएको भन्ने बयानबाजी गऱ्यो । यो निर्लज्ज गैरजिम्मेबारपन पनि थियो ।

जतिबेला रेशम चौधरी प्रहरीहरूको निर्मम हत्या आरोपमा जेलभित्र थिए, केपी शर्मा ओलीले धनगढी पुगेर घटनास्थलमैं नभएको निर्दोष 'थारू'लाई फसाइएको बयान दिए । जबकी पक्राउ पर्नुअघि भारतमा लुकेर बसेका चौधरीलाई पुष्पकमल दाहाल प्रचण्डले सामान्य मर्यादा र कानुनको धज्जी उडाउँदै विदेशी भूमिमा भेट्दा एमाले र कांग्रेस दुबैले 'अपराधीसँग' भेटेकोमा कडा विज्ञप्ति निकालेका थिए । फैसला नहुँदै अपराधी भएको व्यक्ति सर्वोच्चबाट प्रमाण र बहस सकिएर अपराधी साबित भइसक्दा एमाले र कांग्रेस दुबैका लागि उल्टो निर्दोष व्यक्ति र फसाइएका व्यक्ति हुन पुगे । लोकतन्त्रको प्रश्न यहाँ पनि उठेन ।

अदालतले अहिलेसम्म आफ्नो काम यथाशक्य गर्दै आएको छ । आलम होस् या रिगल, बालकृष्ण ढुङ्गेल होस् या बालकृष्ण खाँड, अदालतले आफ्नो सीमाभित्र न्याय दिएको छ । यतिसम्म कि सर्वाधिक लोकप्रिय देखिएका रवि लामिछानेको केसमा समेत नबहकिई नागरिकताबिना लडिएको निर्वाचन र जीतलाई बदर गरेको छ । प्रक्रिया पुऱ्याएर अगाडि बढ्न प्रेरित गरेको छ । ओलीले बारम्बार गरेको मनलाग्दी संसद् विघटन होस् या गठबन्धनले कोशीमा पद्धतिमाथि गरेको बलात्कार होस्, अदालतले सबैलाई ऐना देखाएको छ ।

दोषी हामी हौं । हाम्रो आफ्नै आग्रह, तर्क, आस्था दल र फैसला छ । अदालतको फैसला ठ्याक्क मिल्दा न्याय अझै नमरेको र फैसला नमिल्दा न्यायालय पनि बिकेको भन्ने हाम्रो प्रतिक्रिया हुन्छ ! दलहरू जस्तै ! केपी शर्मा ओली र शेरबहादुर देउवाजस्तै ! हामी कत्ति फरक छैनौं !

रिगल कुनै दलको भएकाले छुट्यो, दलकै भएकाले अन्य दलले चर्को आवाज उठाए र फेरि समातियो । तर, उसँगै छुटेका दर्जनौं अन्य अभियुक्तहरूबाट पीडितको पक्षमा बोल्ने कोही नभएपछि तिनले आँसु पिएर बस्नुबाहेक अर्को के विकल्प छ र ! हाम्रोमा यस्तो चलिरहेको छ, चलिरहनेछ । तर, अलिकति आशा भनेको जागेको छ । हिजो दलका विकल्प थिएनन्, तिनको नाकमा अंकुश थिएन । आज विकल्पहरू देखिएका छन् । सधैं हिजोजस्तो अँध्यारो नरहन पनि सक्छ ।

*(गाउँलेको फेसबुक वालबाट साभार ।)*

# कांग्रेस र कम्यूनिष्टका कारण देश दुर्घटनातर्फ : उपेन्द्र यादव



**कृष्ण तिवारी / मध्यान्ह**
रौतहट, १८ कात्तिक

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाली कांग्रेस र कम्यूनिष्टहरुका कारण देश दिनप्रतिदिन दुर्घटनातर्फ धकेलिँदै गएको बताएका छन् ।

देशमा बहुदलिय व्यवस्था लागु भएको ३४ वर्षदेखी नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रले सरकारको नेतृत्व गर्दै आएपनि उनीहरु देश बनाउन नसकेको यादवले बताएका हुन् ।

जनता समाजवादी पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटले शनिबार जिल्लाको देवाही गोनाही नगरपालिकाको गोनाही बजारमा आयोजना गरेको वृहत्त पार्टी प्रवेश तथा शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्दै अध्यक्ष यादवले यस्तो बताएका हुन् ।

पूर्व उपप्रधानमन्त्री समेत रहेका जसपा अध्यक्ष यादवले देशमा बहुदलिय व्यवस्था लागु भएपछि आम नागरिक अधिकार सम्पन्न हुने र देश विकासको गतिमा अगाडि बढ्ने विश्वास गरिएपनि बहुदलिय व्यवस्था लागु भएको ३४ वर्षदेखी देशको नेतृत्व गर्दैआएका कांग्रेस र कम्यूनिष्टहरुले देशमा विकास गर्न नसकेको बताए ।

उनले भने, 'बहुदलिय व्यवस्था लागु हुनुभन्दा अघि देशमा मल कारखाना, कृषि औजार कारखाना, जनकपुरमा चुरोट काराखाना, विराटनगरमा जुट मिल, हेटौडामा कपडा कारखाना जस्ता सयौं उद्योग तथा कलकारखाना सञ्चालनमा रहेको थियो, जसमा लाखौं यूवाले रोजगारी पाएको थियो ।'

तर आज भन्दा ३४ वर्षअघि बहुदलिय व्यवस्था लागु भएपछि कांग्रेस, एमाले र माओवादीले सरकारको नेतृत्व गर्न थालेपछि देशका सबै उद्योग कलकारखाना बन्द भएको उनले बताए । लाखौं व्यक्तिले रोजगारी पाएको देशका ठूलाठूला उद्योग कलकारखानाहरु बन्द भएपछि लाखौं यूवाहरु अहिले रोजगारी नपाएर बेरोजगार भएको उनले बताए ।

देशमा अहिले रोजगारको अवसर सृजना नहुँदा रोजगार खोज्दै दैनिक हजारौं यूवाहरु अहिले मलेशिया, कतार, दुबई, सउदी लगाएतका खाडी मुलुकमा श्रम गर्न जान बाध्य भइरहेको उनले बताए ।

३४ वर्ष यताका सरकारहरु देशका उद्योग कारखाना बन्द गराइ एउटा पनि उद्योग कलकारखाना खोल्न नसक्दा देश अहिले चरम गरिवि, अशिक्षा र बेरोजगारीको चपेटामा परेको उनले बताए ।

३४ वर्षदेखि लामो शासन गर्दै आएका कांग्रेस तथा कम्यूनिष्टहरुले देशको शिक्षा, स्वास्थ्य, कृषि, उद्योग कलकारखानालाई पुरै ध्वस्त बनाएकोले देश अहिले ठूलो आर्थिक भूमरीमा फसेको भन्दै उनले दु:ख व्यक्त गरे । ३४ वर्षमा देश विकास र देशको समस्या समाधान गर्न नसकेका कांग्रेस तथा कम्यूनिष्टहरुले देश बनाउन असफल भइसकेको बताउँदै उनले असफल भइसकेका यी दलहरुबाट देश कहिल्यै बन्न नसक्ने ठोकुवा गरे । कांग्रेस तथा कम्यूनिष्टहरुले कुनै हालतमा देशमा विकास गर्न र जनताको समस्या समाधान गर्न नसक्ने दावी गर्दै यादवले अब एकमात्र पार्टी जनता समाजवादी पार्टीले मात्र देशको निकास दिने तथा जनताको हरेकखाले समस्या समाधान गर्ने बताए । जनतालाई अधिकार सम्पन्न बनाउन र देशलाई विकासको गतिमा अगाडि बढाउन जसपा तयार रहेकोले सबैलाई जसपामा अहिलेदेखि नै लाग्न उनले आग्रह गरे ।

